''अल्लाहको लागि अत्याधिक सज्दा गर्नु, किनकि तिमीले गरेको हरेक सज्दाले अल्लाह ले तिम्रो एक स्तर बढाउनुहुन्छ र एक पाप मेटाउनुहुन्छ ।''

मादान बिन अबू तल्हा यामुरीले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को आजाद गरिएको दास सौबानलाई भेटें र भने: मलाई एउटा यस्तो काम बताउनुहोस्, जुन मैले गरे भने अल्लाहले मलाई स्वर्गमा प्रवेश गर्नुहुन्छ । वा मैले भने: अल्लाहको नजरमा सबैभन्दा प्यारो कामबारे मलाई भन्नुहोस् । उनी चुप लागे । मैले फेरि प्रश्न सोध्दा उनी मौन बसे । जब मैले तेस्रो पटक प्रश्न दोहोर्याएँ, उनले भने: मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम)लाई यसबारे सोधेको थिएँ र उहाँले भन्नुभयो: ''अल्लाहको
लागि अत्याधिक सज्दा गर्नु, किनकि तिमीले गरेको हरेक सज्दाले अल्लाह ले तिम्रो एक
स्तर बढाउनुहुन्छ र एक पाप मेटाउनुहुन्छ ।'' मादानले भने: त्यसपछि मैले अबू-दर्दा (रजियल्लाहु अन्हु) लाई भेटें र त्यही प्रश्न सोध्दा उनले पनि सौबानले भने जस्तै
जवाफ दिए ।
[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधियो : कुन काम गर्दा स्वर्गमा प्रवेश गर्न सकिन्छ वा अल्लाहलाई सबैभन्दा बढी मनपर्ने कुन काम हो? नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले प्रश्नकर्तालाई भन्नुभयो: नमाजमा अत्यधिक सज्दा गर्नु, किनकि अल्लाहले तिम्रो हरेक सज्दा ले एक दर्जा बढाउनुहुन्छ र पाप क्षमा गर्नुहुन्छ ।

https://sunnah.global/hadeeth/ne/show/3732